लोक बहादुर कुसारी
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं ०२
मितिः- २०७६।१०।१९ गते ।
समयः- ११.०० बजे ।
स्थानः- गोलन्जोर गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली ।

आज मिति २०७६।१०।१९ गते आइतबारका दिन गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री पुष्प बहादुर कार्कीज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री पुष्प ब. कार्की | अध्यक्ष, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री गंगादेवी श्रेष्ठ | उपाध्यक्ष, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री मिन बहादुर सुनुवार | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री दौलत कार्की | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री पुष्करराज बराल | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री बेग ब. गौतासे मगर | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री बुद्धि बहादुर पाल्पालि | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री पुरुषोत्तम श्रेष्ठ | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री रोम बहादुर देवकोटा | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री जमुना कोइराला | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री भक्त बहादुर भुजेल | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री इन्द्र कुमारी हायु | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री सावित्रा तामा | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री कुमारीमाया थापा मगर | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री रण बहादुर सार्की | सदस्य, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री लोक बहादुर कुसारी | सदस्य-सचिव, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री सुविर बिक्रम कार्की | प्राविधिक सहयोगि, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |
| | श्री डेलकुमार थापा मगर | साइन्यूट सहयोगी, गोलन्जोर गाउँकार्यपालिका सिन्धुली |

## बैठकका एजेन्डाहरू :-

१. विशेष गाउँसभा सम्बन्धमा ।

२. योजना/आयोजनाहरूको जाँजपास तथा फरफारक सम्बन्धमा ।

३. योजना सम्झौताको म्याद थप सम्बन्धमा ।

४. कार्यालयका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

५. राजस्व सम्बन्धमा ।

६.कानून तथा कार्यविधि सम्बन्धमा ।

७.प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

८.करार तर्फका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

९.वडा कार्यालयको सन्चालन खर्चको नीतिगत निर्णय सम्बन्धमा

१०. डिपिआर सिफारिस सम्बन्धमा ।

११. सडक मर्मत खर्च भुक्तानी सम्वन्धमा ।

१२ विविध सम्बन्धमा ।

## निर्णयहरू:-

**निर्णय नं. १:-** प्रस्ताव नं. १ को विषयमा आवश्यक छलफल गर्दा गाउँकार्यापालिका निर्णयहरू र गाउँकार्यपालिकाको कार्यालयले गरेका विभिन्न निर्णय, तोक आदेश अनुमोदन गर्न , योजना तथा आयोजनाहरूको समिक्षा र आगामि बजेट तथा कार्यक्रम निर्माणका लागि गाउँसभाको बैठक मिति २०७६।११।०५ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** प्रस्ताव नं. २ को विषयमा आवश्यक छलफल गर्दा स्थानीय सरकार सन्चालन एन, २०७४ भएको व्यवसथा अनुसार यस गाउँपालिकाको चालु आवमा सन्चालित विकास निर्माणसँग सम्बन्धित विभिन्न योजनाहरुको जाँचपास तथा फरफारक गर्नुपर्ने भएकाले देहायअनुसारको ५ सदस्यीय जाँचपाँस तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक - श्री पुष्प बहादुर कार्की
सदस्य - श्री गंगादेवी श्रेष्ठ
सदस्य - श्री पुरुषोतम श्रेष्ठ
सदस्य - श्री लोक बहादुर कुसारी
सदस्य- श्री सन्देश लामिछाने

२०७६।१०।१३

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकामा आ.व. ०७६।०७७ को विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वियनको शिलसिलामा योजना तथा कार्यक्रमको सम्झौताको २०७६ फागुण मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।
निर्णय गरियो ।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ को विषयमा आवश्यक छलफल गर्दा गोलन्जोर गाउँकार्यपालिकाको कार्यालयका हालसम्मका सम्पुर्ण तोक आदेश र निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५:-** प्रस्ताव नं. ५ को विषयमा आवश्यक छलफल गर्दा गत आवको बाँकी रहेको रकम क्यारोल कन्सट्रक्शनसँग अशुल उपर गर्नको लागि जिल्ला समन्वनय समिति र जिल्ला प्रशासन कार्यालय सिन्धुली तथा सम्बन्धित करदाता सेवा कार्यालयहरुलाइ कारोबार रोक्का राख्दिनको लागि लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६:-** प्रस्ताव नं. ६ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाका लागि आवश्यक कानून तथा कार्यविधिहरु राजपत्रमा प्रकाशन गरि लागु गर्ने प्रावधान भएकाले खर्च शिर्षक २२३१५ बाट खर्च लेख्ने गरि खरिद गर्न राजपत्र छपाइ कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:-** प्रस्ताव नं. ७ को विषयमा आवश्यक छलफल गर्दा गाउँकार्यापालिकाको कार्यालयमा घर नक्शा सम्वन्धि कार्य र वडा कार्यालयहरुमा प्राविधिक जनशक्ति अभाव रहेकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण यस कार्यापालिकाको बैठकबाट महशुस गरि हाललाइ इन्जिनियर श्री सुशिल प्रसाद शर्मा र इन्जिनियर श्री दिपेन्द्र कार्कीलाइ २०७७ असार मसान्त सम्म करार म्याद थप गर्ने र अन्य प्राविधिक कर्मचारीको हकमा अर्को व्यवस्था नभए सम्मका लागि साविककै सेवा शर्त र सुविधा रहने गरि करार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:-** प्रस्ताव नं. ८ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको दैनिक प्रशासनिक कामकाजमा सहयोग पुर्याउन आवश्यक करारका कर्मचारीहरुको म्याद समास भएकाले २०७७ साल असार मसान्तसम्म जम्मा ६ महिना करारको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:-** प्रस्ताव नं. ९ को विषयमा आवश्यक छलफल गर्दा यस आ व मा यस गाउँपालिका अन्तरगतका वडा कार्यालयहरु सञ्चालन गर्नका लागि मासीक रुपमा स्विकृत बजेटको परिधिभित्र रहि तपसील बमोजिमका शिर्षकअनुसार खर्चको व्यवस्था गर्ने निर्णय गरियो ।

तपसील

१ चिया, नास्ता---------------------------------------------रु ८०००।-
२ सञ्चार खर्च ..................................................................रु ३०००।-
३ कार्यालय सञ्चालन खर्च ----------------------------------------रु १२०००।-
४ ईन्धन खर्च -----------------------------------------------------रु ७०००।-

जम्मा ------------------------------------------------------------------------रु३००००।-

नोट- बाँकि रहेका कार्यपालिकाको सदस्यहरुलाइ यातायात तथा सन्चार खर्च एकमुष्ठमा मासिक रु प्रतिव्यक्ति ८००० का दरले दिने निर्णय गरियो ।

**निर्णय नं. १०**:- प्रस्ताव नं. १० को विषयमा आवश्यक छलफल गर्दा खुर्कोट सिन्धुलिबाट विभिन्न योजनाहरुको लागि नयाँ शहर आयोजनाहरुको डिपिआर तयार गर्नका लागि निम्नानुसारका आयोजनाहरु सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निम्न

१ बिपि हाइवेको देउरालीबाट चैनपुर डाँडागाउँहुदै मध्यपहाडी लोकमार्गको आफ्रे गणेशमन्दिरसम्म कालोपत्रे ।

२ डाँडाकटेरी राताटार ठुलागाउँहुदै माथिल्लो बेशी कालोपत्रे ।

३ अँधेरीखोला तारजाली तथा प्लम्प कंक्रिट ।

४ वृहत खानेपानी योजना सुनकोशी लिफ्ट चैनपुरमा रिजर्भ ट्यांक निर्माण गरि बितरण गर्ने गरि ।

**निर्णय नं. ११**:- प्रस्ताव नं. ११ को विषयमा आवश्यक छलफल गर्दा यस गाउँपालिकाको विभिन्न वडाहरुको सडक मर्मत खर्च गाउँसभाबाट अनुमोदन गर्ने गरि स्विकृत बजेटको परिधिभित्र रहि भुक्तानी गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. १२ क**:- प्रस्ताव नं. १२ को विविध विषयमा आवश्यक छलफल गर्दा न्यायिक समिति प्रति बैठक प्रति व्यक्ति रु १००० र गापा अध्यक्ष्य र उपाध्यक्ष्यको बिविध खर्च क्रमश रु ३० हजार र २० हजार तथा गापा अध्यक्ष्यको लागि स्विकृत बजेटको परिधिभित्र रहि अतिथि सत्कारमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ ख**:- प्रस्ताव नं. १२ को विविध विषयमा आवश्यक छलफल गर्दा सवारी चालक अपुग भएकोले १ जना करार गर्ने र आवश्यकताका आधारमा कार्यालय सहयोगी समेत करार गर्ने निर्णय गरियो ।

उपरोक्त प्रस्तावहरूमाथि निर्णय गरि कार्यपालिकाको बैठक समापन गरियो ।

प्रमाणित

२०७५।१०।१६

प्रमुख प्रशासकीय अधिकृत